**श्री**

# राजस्व न्यायाधिकरण काठमाडौ

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

**२०७६/०७७ सालको निर्णय नं. २८**

**पुनरावेदन नं. ०७५-RB-०२९५**

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६८/०६९) ।**

काठमाडौ जिल्ला, का.म.न.पा.वडा नं.५ स्थित स्थायी लेखा नं.३०३४०६४२६ का महेश्वरी खाद्य भण्डारको तर्फबाट अख्तियारप्राप्त अजयलक्ष्मी पराजुली................. १ } पुनरावेदक

**<u>विरुद्ध</u>**

साविक आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३---------------------------१ }
आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ------------------------------------१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्धान अधिवक्ता श्री अमृत खरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**सुरू निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३**

**सुरु निर्णय गर्ने पदाधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिजाल**

**सुरू निर्णय मिति : २०७३/०६/३०**

<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।१०।१३

आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३ लाजिम्पाट समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>तथ्य खण्ड</u>**

१. करदाता श्री महेश्वरी खाद्य भण्डारको आ.ब.२०६८/०६९ को करयोग्य विक्री रु.३१,६७,५०७/७१ मास्केवारीमा दावी गर्न छुट भएको उक्त विक्रीको १३% ले हुने मू.अ.कर रु.४१,१७,१६६/- हुने र उक्त आ.ब.को अन्तिममा रु.४,१०,२२२/- क्रेडिट रकम रहेको हुँदा सो रकम घटाउँदा बाँकी हुन आउने मू.अ.कर रु.३७,०६,९४४/- मध्ये रु.७,३८,१०६/-, आ.ब.२०६९/०७० को फागुनमा ८ महिना ढिला गरी दाखिला गरेकोले सो को मू.अ.कर ऐन, २०५२ को दफा २६ बमोजिम लाग्ने व्याज रु.३,७०,६९४/- र सोही ऐनको दफा १९ बमोजिम लाग्ने थप दस्तुर रु.२,४७,१३०/- समेत जम्मा रु.६,१७,८२४/- र आ.ब.२०६९/०७० फागुन महिनामा डेविट समायोजन गरे पश्चात दाखिला गर्न बाँकी मू.अ.कर रु,२९,६८,८३८/- आ.ब.०७०/०७१ को मंसिरमा ८ महिना ढिला गरी दाखिला गरेको पाइएको हुँदा मू.अ.कर ऐन,२०५२ को दफा २६ बमोजिम लाग्ने व्याज रु.२,९६,८८४/- र सोही ऐनको दफा १९ बमोजिम लाग्ने थप दस्तुर रु.१,९७,९२२/- समेत जम्मा रु.४,९४,८०६/- माग गर्नु पर्ने भइ जम्मा व्याज र थप दस्तुर समेत रु.११,१२,६३०/- माग गर्ने गरी मिति २०७३/५/१० मा प्रारम्भिक कर निर्धारण आदेश जारि भएको रहेछ ।

२. करदाताले उक्त प्रारम्भिक कर निर्धारण आदेश मिति २०७३/६/९ मा बुझीलिई खरिदमा तिरेको मू.अ.कर लाई समायोजन नगरी कर माग गरेको भनी मिति २०७३/६/२१ मा जवाफ पेश गरेका रहेछन ।

३. करदाताको आ.ब.२०६८/०६९ को अन्तिममा क्रेडिट रहेको रकम रु.४,१०,२२२/- लाई घटाई बाँकी रकमको हकमा मात्र अबधिगत हिसाबले व्याज तथा थप दस्तुर माग गरेको हुँदा करदाताको जिकिर मनासिव नभएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै मू.अ.कर ऐन २०५२ को दफा २०(१) तथा मू.अ.कर नियमावली २०५३ को नियम २९(३) बमोजिम रु.११,१२,६३०/- अन्तिम कर निर्धारण हुने भन्ने मिति २०७३/६/३० को आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३ लाजिम्पाटको निर्णय ।

४. आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं.३ लाजिम्पाटबाट मिति २०७३/०६/३० मा भएको आ.व. २०६८/०६९ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी

महेश्वरी खाद्य भण्डारले ले प्रशासकीय पुनरावलोकनका लागी मिति २०७३/०८/१३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. करदाताले ढिला गरी कर रकम दाखिला गरेकोले अवधी विभाजन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६ बमोजिम लाग्ने व्याज तथा सोही ऐनको दफा १९(२) बमोजिम लाग्ने थप दस्तुर माग गरेको निर्णय कानुनसम्मत भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/१०/१३ मा भएको निर्णय ।

६. पुनरावेदक फर्मले कारोबार संचालनका क्रममा आ.ब.२०६८/०६९ को मू.अ.कर तिरेको करयोग्य खरिद रु.३,१६,२३,०७३/- र विक्री रु.३,१६,७०,५०७/७१ भई कर विवरणमा भुलबस छुट हुन गएकोमा आफै खोजी गरी रुजु गर्दा थाहा भई छुट भएको विक्रीको १३% ले हुने रकम रु.४१,१७,१६६/- उक्त आ.ब.को अन्तिममा क्रेडिट रु.४,१०,२२२/- घटाई बाँकी रु.३७,०६,९४४/- आ.ब. २०६९/०७० को फागुन महिनामा रु.७,३८,१०६/- र ०७०/०७१ को मंसिरमा रु.२९,८६,८३८/- समायोजन गरेको हो ।नियतबस ढिलो समायोजन गरेको होइन । मू.अ.कर सिद्धान्त विपरित थप दस्तुर र व्याज गणना गरीएको, खरिदमा तिरेको मू.अ.कर कट्टी गरी बाँकीमा मात्रै थप दस्तुर र व्याज गणना गर्नु पर्नेमा सो नगरेको, हचुवा र मनोगत ढंगले चौमासिक कर विवरण पेश गर्ने सुविधामा रहेको अवधीको समेत व्याज गणना गरिएको कार्य राजस्व कानूनका सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त विपरित हुँदा आन्तरिक राजस्व कार्यालय र आ.रा. विभागको निर्णय बदर गरी खरिदमा तिरेको मू.अ.कर विक्रीमा संकलन गरेको मू.अ.करबाट कट्टी गरी बाँकी रकममा मात्र थप दस्तुर र व्याज गणना गर्ने गरी निर्णय गरी पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७५/१२/१८ मा दर्ता भएको पुनरावेदनपत्र।

७. यसमा मुलुकी कार्यविधि संहिता २०७४ को दफा १४०(क) बमोजिम बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत यस न्यायाधिकरणबाट मिति २०७६/०३/०४ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री अमृत खरेलले पुनरावेदक फर्मको कारोबारका क्रममा खरिदमा तिरेको मूल्य अभिवृद्धि करबाट विक्रीमा उठाएको मूल्य अभिवृद्धि कर नघटाई, चौमासिक सुविधामा रहेको बखत मनोगत र हचुवाको भरमा ढिलो कर दाखिला गरेको भनी व्याज र थप दस्तुर माग गरेको शुरु निर्णयलाई सदर गरेको प्रशासकिय पुनरावलोकनको निर्णय बदर हुनु पर्छ भनी बहस गर्नु भयो । त्यस्तै प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय,

काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पुनरावेदकले कानूनले निर्धारण गरेको अवधि भित्र कर दाखिला नगरी ढिला दाखिला भएकोले मूल्य अभिवृद्धि कर ऐनको प्रावधान बमोजिम नै व्याज र थप दस्तुर माग गरेको शुरु निर्णय कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

९. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

१०. यसमा पुनरावेदक करदाता फर्मको कारोबारको परिक्षण गर्दा आ.ब.२०६८/०६९ को करयोग्य विक्रीको लाग्ने मूल्य अभिवृद्धि कर मध्ये उक्त आ.ब.को अन्तिममा क्रेडिट रहेको रकम घटाउँदा बाँकी हुने मू.अ.कर रु.३७,०६,९४४/- मध्ये रु.७,३८,१०६/- आठ महिना ढिला गरी दाखिला गरेको, बाँकी रु.२९६८८३८/- समेत अर्को आठ महिना ढिला गरी दाखिला गरेकोले मू.अ.कर ऐन,२०५२ को दफा २६ बमोजिम व्याज र सोही ऐनको दफा १९ बमोजिम लाग्ने थप दस्तुर समेत माग गर्ने गरी साविक आन्तरिक राजस्व कार्यालय काठमाडौ क्षेत्र नं.३ बाट भएको निर्णय नै आन्तरिक राजस्व विभागबाट सदर भएको देखियो ।

११. पुनरावेदकले करविवरण पेश गर्दा खरिद विक्री समायोजन छुट हुन गएकोमा आफैले थाहा पाई क्रेडिट रहेको रकम घटाई समायोजन गरी २०६९/०७० को फागुनमा रु.७,३८,१०६/- र ०७०/०७१ को मंसिरमा रु.२९,८६,८३८/- समायोजन गरेको हो नियतबस ढिला गरेको होइन। खरिदमा तिरेको मू.अ.कर कट्टी गरी बाँकीमा मात्रै थप दस्तुर र व्याज गणना गर्नु पर्नेमा सो नगरेको भनी पुनरावेदनपत्र पेश भएको रहेछ ।

१२. अब निर्णय तर्फ बिचार गर्दा सर्वप्रथम के कस्तो अवस्थामा मूल्य अभिवृद्धि कर को थप दस्तुर तथा व्याज लाग्ने रहेछ भन्ने सन्दर्भमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ मा भएको थप दस्तुर लाग्ने अवस्था सम्बन्धमा भएको व्यवस्था हेर्दाः-

(१)करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्नेछ ।

(२)करदाताले उपदफा १ मा उल्लेखित म्याद भित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ भन्ने व्यवस्था छ । तस्तै कर अवधी भन्नाले करदाताले दफा १८ बमोजिम कर विवरण पेश गर्नु पर्ने अवधि सम्झनु पर्छ भनि परिभाषा खण्डमा उल्लेख भएको छ ।

दफा १८ हेर्दाः (१) करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ।

त्यस्तै व्याज लाग्ने अवस्था सम्बन्धमा मु.अ.कर ऐन, २०५२ को दफा २६ मा भएको व्यवस्था हेर्दाः-

(१)यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मिति देखि बुझाउन बाँकी रकममा व्याज लाग्नेछ । त्यस्तो व्याज दफा ३१ बमोजिम प्रशासकिय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागी निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ ।

(२)उपदफा १ को प्रयोजनको लागी व्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ । भन्ने व्यवस्था रहेको छ ।

१३. अब माथी उल्लेखित कानूनी व्यवस्थाको परिपालना पुनरावेदक करदाताले गरे नगरेको र पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा करदाताको आ.ब.०६८/०६९ को कर विवरण हेर्दा करयोग्य विक्रीको मू.अ.कर रु.४१,१७,१६६/- देखिएको, सो मध्ये उक्त आ.ब.को अन्तिममा करदाताको क्रेडिट रकम रु.४,१०,२२२/-मात्र रहेकोमा उक्त रकम घटाउँदा बाँकी रहन गएको जम्मा मू.अ.कर रु.३७,०६,९४४/-कायम गरेको देखिँदा पुनरावेदकले जिकिर गरे जस्तो क्रेडिट रकम समायोजन नगरेको भन्ने देखिएन । क्रेडिट रकम घटाउँदा बाँकी रहेको मू.अ.कर रु.३७,०६,९४४/- मू.अ.कर ऐन,२०५२ को दफा १८ र १९ मा भएको व्यवस्था बमोजिम पुनरावेदक करदाताले २०६९ श्रावण महिनाको २५ गते भित्र दाखिला गर्नु पर्ने भन्ने देखियो । पुनरावेदक करदाताले २०६९ श्रावण २५ गते भित्र दाखिला गर्नु पर्ने मूल्य अभिवृद्धि कर मध्ये २०६९ फागुनमा रु.७,३८,१०६/- र ०७०/०७१ को मंसिरमा रु.२९,८६,८३८/-दाखिला गरेको देखियो । यसरी करदाताले तिर्नु पर्ने मूल्य अभिवृद्धि कर मध्ये केही आठ महिना ढिला गरी दाखिला गरी बाँकी त्यसको पनि आठ महिना ढिला गरी दाखिला गरेको देखियो । पुनरावेदक करदाताले ढिला गरी कर रकम दाखिला गर्नु पर्नाको युक्तियुक्त कारण समेत प्रारम्भिक कर निर्धारणका बखत शुरु कार्यालयमा पेश गर्न सकेको देखिएन । आधार कारण र प्रमाण बिना कानुन बमोजिम भए गरेको कामलाई अन्यथा भन्न मिल्ने हुँदैन । शुरु कार्यालयले करदाताको क्रेडिट रकम घटाई बाँकी रहेको रकम दाखिला गरेको अवधिगत आधारमा मात्र मू.अ.कर ऐन २०५२ को दफा १९ र २६ बमोजिम हिसाब गरी बार्षिक १० र १५ प्रतिशत का दरले थप दस्तुर र व्याज गणना गरी मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर माग गर्ने गरी गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन ।

१४. अतः माथी उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.३०३४०६४२६ भएका पुनरावेदक करदाताको आ.ब.२०६८/०६९ को मुल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.३ हाल आन्तरिक राजस्व कार्यालय टंगालको मिति २०७३/६/३० को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/१०/१३ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। तपशिल बमोजिम गर्नू ।

<u>तपशिल</u>

प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू........१

नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू................................२

फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ..................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

विश्वराज कुइकेल (शाखा अधिकृत)

इति सम्वत् २०७६ साल भाद्र महिना १६ गते रोज २ शुभम् ..........................